# शिवनाथ गाउँपालिका

## सुल्लेखान, वैतडी

## सुदुरपश्चिम प्रदेश, नेपाल

# स्थानीय राजपत्र

## शिवनाथ गाउँपालिकाद्वारा प्रकाशित

*खण्ड : १  अंक : ४  मिति : २०७५ साल फागुन २१ गते मंगलबार*

## भाग २

## शिवनाथ गाउँपालिकाको विपद व्यवस्थापन कोष परिचालन निर्देशिका, २०७५

शिवनाथ गाउँ सभाको मिति २०७५।११।२१ गतेको बैठकबाट स्वीकृत भएको "**शिवनाथ गाउँपालिकाको विपद व्यवस्थापन कोष परिचालन निर्देशिका, २०७५**" स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

# विपद व्यवस्थापन कोष परिचालन निर्देशिका, २०७५

**पृष्ठभूमी**

नेपालमा प्रत्येक बर्ष विभिन्न किसिमका प्रकोप तथा विपदहरुका कारण उल्लेखनिय मात्रामा धनजनको क्षतीभै हजारौ धरपरिवार विस्थापीत हुन वाध्य भइरहेका छन । नेपालका ग्रामीण तहमा बसोबास गर्ने समुदायहरुमा विपद्को पुर्व जानकारी तथा तत्काल राहत वितरण र उद्धार संयन्त्रको अभावका कारण विपदबाट हुने क्षतीको दर अझै उच्च रहने गरेको र विपद्को बारम्बारको प्रभावबाट प्रताडित भएका समुदायका मानिसहरुलाई विपद प्रतिकार्य तथा सुरक्षीत आर्थिक तथा जिन्सी सहयोग तथा उत्थानशिलताका लागि सहयोग उपलब्ध गराउन पर्ने देखिएकाले नेपालको संविधानको धारा २२१ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम विपद व्यवस्थापन कोष परिचालन निर्देशिका २०७५ तयार गरि जारि गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम "**विपद् व्यवस्थापन कोष** परिचालन निर्देशिका २०७५"रहने छ ।

(२) यो निर्देशिका गाउँकार्यपालीको बैठकले पारित गरेपछी तुरुन्त लागु हुनेछ ।

**२.सीमाक्षेत्र:** शिवनाथ गाउँपालिकाको क्षेत्र भित्र ।

**३. परिभाषा:**

बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "कोष" भन्नाले विपद व्यवस्थापन कोष सम्झनु पर्नेछ ।

(ख) "समिति" भन्नाले कोष संचालनका लागि गठन भएको समिति सम्झनु पर्नेछ ।

(ग) "प्रकोप" भन्नाले बाढी पहिरो, आगलागी, भुकम्प, अतिबृष्टि, अनाबृष्टि, असिना, हुरीबतास, हिमपात, महामारी, जनावर आतंक, किटपतङ्गको आतङ्ग, सडक दुर्घटना तथा अन्य प्राकृतिक प्रकोप सम्झनु पर्नेछ ।

**४. उद्देश्यहरु:**

(क) विभिन्न किसिमका विपद्का घटनाबाट प्रभावित भएकाहरुको तत्कालिन विपद्को असर कम गर्न राहत सहयोग उपलब्ध गराउने ।

(ख) विपद् व्यवस्थापनमा स्थानीय समुदायको सहभागीता सुनिश्चित गर्दै आवश्यक आर्थिक, भौतीक तथा प्राविधिक सहयोग गर्ने ।

(ग) विपद् जोखिम न्यूनिकरण एवम् विपद् उत्थानशिल समुदायको निर्माण गर्न सहयोग गर्ने ।

**५. कोषको स्थापना:** स्थानिय विपद् व्यवस्थापन समितिले स्थानीय तह, प्रान्तीय तथा संघिय सरकार अन्य व्यक्ति, समुदाय, ब्यापारी, उद्यमी, सरकारी, गैर सरकारी तथा अन्तर्राष्ट्रिय निकायबाट प्राप्त आर्थीक, भौतिक तथा प्राविधिक सहयोगमा कोष स्थापना गरिने छ ।

**६. कोष परिचालनका क्षेत्रहरुः**

(क) प्रकोपबाट प्रभावित ब्यक्ति, परिवार,समुदायको उद्धार तथा संरक्षण गर्ने ।

(ख) प्रकोपबाट प्रभावित ब्यक्ति, परिवार, समुदायको तत्काल उद्धार कार्यका लागि आवश्यक सामग्रीमा प्रयोग गर्ने ।

(ग) प्रकोपबाट प्रभावित ब्यक्ति, परिवार, समुदायको भरणपोषण तथा जिवन निर्वाहका लागि खाद्य तथा गैर खाद्य राहत सामग्री उपलब्ध गराउन प्रयोग गर्ने ।

(घ) प्रकोपबाट प्रभावित घाईते विरामीको औषधि उपचार गर्ने ।

(ङ) प्रकोपबाट देहावसान भएका ब्यक्तिको सदगत तथा काजक्रियाका लागि प्रयोग गर्ने ।

(च) प्रकोपका कारण उत्पन्न फोहर मैला विसर्जन कार्यमा प्रयोग गर्ने ।

(छ) प्रकोपबाट प्रभावित ब्यक्ति, परिवार, समुदायको अस्थायी आवस निर्माण तथा पुर्नस्थापन गर्ने ।

(ज) प्रकोपको अवधिमा प्रकोप रोकथामका लागि सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

(झ) प्रकोपबाट प्रभावित सुत्केरी तथा गर्भवतीलाई आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने ।

(ञ) ब्यवसायिक किसानहरुको अन्न, तरकारीबाली, नगदेबालीको आकस्मिक क्षतीकालागि राहत उपलब्ध गराउने ।

**७. कोषको रकम प्रयोग हुन नसक्ने**

देहायको प्रयोजनका लागि कोषको रकम प्रयोग गरिने छैन ।

(क) प्रकोपसंग समबन्धित विषय बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन ।

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीहरुलाई तलव तथा भत्ता सुविधा उपलब्ध गराउन ।

(ग) कुनै पनि ब्यक्तिलाई चन्दा वा अनुदान प्रदान गर्न ।

**८. कोष संचालन समिति :**

(१) कोषको संचालन तथा ब्यवस्थापन गर्नका लागि देहाय बमोजिम कोष संचालन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालीका अध्यक्ष | अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) स्वास्थ्य संयोजक | सदस्य |

(घ) ६ वटै वडाका वार्ड अध्यक्षहरु सदस्य

(ङ) प्रमुख प्रशाशकिय अधिकृत सदस्य सचिव

(२) समितिको बैठक जुनसुकै वखत समितीको अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ

(३) समितिको बैठकको अध्यक्षता समितीको अध्यक्षले गर्नेछ ।

(४) समितिको अध्यक्षको अनुपस्थीतिमा बैठक बस्नु परेको अवस्थामा गाउँपालीका उपाध्यक्षले गर्नेछन तर सो बैठकमा भएका निर्णयहरु समितिको पुर्ण बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(५) समितिले आवश्यकतानुसार अन्य सरकारी गैर सरकारी क्षेत्रमा काम गर्ने संस्था र कर्मचारीलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**९. कोषको व्यवस्थापन**

(क) कोषको रकम समितिबाट स्थानिय सहकारी अथवा बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(ख) समितीका अध्यक्ष, समित सदस्यहरु मध्येबाट र समितिको सदस्य सचिव को सयुंक्त हस्ताक्षरबाट आर्थीक कारोबार सञ्चालन हुने गरि तिन जनाको नामबाट खाता सञ्चालन गरिनेछ ।

(ग) कोषको खाताबाट आर्थीक कारोबार गर्दा कुनै दुई जनाको हस्ताक्षर भएमा आर्थीक कारोबार गर्न सकिने छ । जसमा समितिका सदस्य सचिवको हस्ताक्षर अनिवार्य हुनुपर्ने छ ।

**१०. कोष परिचालन**

(१) यस गाउँपालिका स्थानिय विपद् व्यवस्थापन कोषले विपद्बाट प्रभावित भई “वुँदा ६” मा उल्लेख भएको अवस्थामा आकस्मिक कोषलाई परिचालन गरी तत्कालिन राहत उपलब्ध गराइनेछ ।

(२) “क” मा उल्लेख भएको राहत उपलब्ध गराउँदा स्थानिय विपद् व्यवस्थापन समितिको बैठक वसी लिखित निर्णय गरी कार्यान्वयन गरिने छ ।

(३) देहायको क्षती को हकमा उल्लेखित राहत रकम उपलव्ध गाराईने छ ।

(क) मानविय क्षतिको लागी

१. प्रकोपका कारण गम्भीर घाइतेको लागी घाईतेको प्रकृती हेरी प्रेषित कागजात र सिफारिका आधारमा बढीमा रु २५००० सम्म उपलब्ध गाराउँन सकिने छ ।

२. प्रकोपका कारण मृत्यु भएका आश्रीत परिवारका लागी परिवारको अवस्था हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु ५०००० सम्म उपलब्ध गराउँन सकिने छ ।

(ख) पशु चौपाया तथा घर गोठ क्षतीको लागी

१. प्रकोप का कारण मृत्यु भएको पशुको लागी बस्तु भाउको प्रकार हेरी प्रेषित कागजात र सिफारीका आधारमा बढीमा रु १५००० सम्म उपलव्ध गराउन सकिने छ ।

२. प्रकोप का कारण घर गोठ क्षतीका लागी प्रेषित कागजात र सिफारीका आधारमा बढीमा रु २०००० सम्म उपलव्ध गराउन सकिने छ ।

३. प्रकोपका कारणले सार्वजनिक संस्थाहरुमा क्षति भएमा क्षतिको प्राविधिक मुल्याङकन गरि समितिको बैठकबाट राहत उपलब्ध गराइन्छ ।

(ग) खाद्यान्य तथा तरकारी बाली को क्षतीका लागी

१. प्रकोपका कारणले अन्न बाली, नगदेबाली तथा तरकारी खेती गा.पा. भरि वा कुनै ठाउँ विशेष क्षती हुन गएमा क्षती भएको बालीको क्षेत्रफल र प्रकृति हेरी प्रेषित कागजात र सिफारिसका आधारमा विपद व्यवस्थापन समितिले तत्काल बैठक बसी आवश्यक राहत उपलब्ध गराउने समेत छ ।

## ११. राहत माग तथा राहत वितरण प्रकिया

(क) राहत सहयोग माग गर्ने व्यक्तिले घटना घटेको मितिले ३५ दिन भित्र स्थानिय विपद व्यवस्थापन समिति समक्ष वुदा १२ मा तोकिए बमोविमका कागजातहरु संलग्न गरि अनुसुचि नं १ मा उल्लेखित ढाँचामा निवेदन पेश गर्नु पर्ने छ ।

(ख) यसरी प्राप्त हुन आएका निवेदनहरु विपद व्यवस्थापन कोष सचांलन समितिले संकलन गरि निणर्याथका लागी स्थानिय विपद व्यवस्थापन समितिमा पेश गर्नु पर्ने छ ।

(ग) वुदा ११ को “ख” अनुसार स्थानिय विपद व्यवस्थापन समितिको निर्णयका आधारमा विपद व्यवस्थापन कोष सचांलन समितिले निर्णय अनुसारको राहत रकम निकासा गर्नु पर्ने छ ।

(घ) राहत वितरण गर्दा मानविय क्षति भएमा मृतकको हकमा नजिकको हकवाला, गम्भीर तथा सामान्य घाईतेको हकमा नजिकको अभिभावक र अन्य क्षतिको हकमा सम्बन्धीत हकवालालाई राहत उपलब्ध गराईने छ ।

## १२. राहत रकम माग गर्नका लागी पेशगर्नु पर्ने कागजातहरु

| मानविय क्षतीको हकमा | गम्भीर घाईते | पशु चौपायको तथा घर गोठ क्षती | खाद्यान्य, अन्नबाली, तरकारी तथा फलफुल को क्षतीका |
|---|---|---|---|
| ✓ पिडीत हकबालाको निवेदन<br>✓ मृतक/पिडितको फोटो<br>✓ मृत्यु दर्ता प्रमाण पत्र<br>✓ घटना स्थलको | ✓ पिडीत को/हकवालको निवेदन<br>✓ मेडीकल रिपोर्ट तथा विल<br>✓ घटना स्थलको सरजमिन | ✓ नागरिकता प्रमाण पत्रको प्रतिलिपी<br>✓ घटना स्थलको सरजमिन मुचुल्का<br>✓ सम्बन्धीत वडा कार्यालयको | ✓ नागरिकता प्रमाण पत्रको प्रतिलिपी<br>✓ घटना स्थलको सरजमिन मुचुल्का<br>✓ सम्बन्धीत वडा कार्यालयको |

| | | | |
|---|---|---|---|
| सरजमिन मुचुल्का<br>✓ सम्बन्धीत वडा कार्यालयको सिफारीस | मुचुल्का<br>✓ सम्बन्धीत वडा कार्यालयको सिफारीस<br>✓ नागरिकता प्रमाण पत्रको प्रतिलिपी | सिफारीस | सिफारीस |

## अनुसूची –१

**<u>राहत माग गर्ने निवेदनको नमूना</u>**

श्रीमान् अध्यक्ष ज्यू
स्थानिय विपद् व्यवस्थापन समिति
शिवनाथ गाउँपालिकाको कार्यालय

**विषयः राहत उपलब्ध गराइदिने वारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा "म" यस शिवनाथ गाउँपालीका वडा नं ..... ......................टोलमा बस्ने, ......वर्ष, .................................को मिति ...................................मा .............................का कारण मेरो ......................................क्षती भएकाले आवश्यक राहत उपलब्ध गरि सहयोग गरिदिन हुन यो निवेदन पेश गर्दछु । साथै क्षती को विवरण सहितका कागजातहरु यसै निवेदनसाथ पेश गरेको छु ।

...................
निवेदक

**आज्ञाले,**

**कमल सिह महरा**

**प्रमुख प्रशासकीय अधिकृत**